| | | | |
|---|---|---|---|
| <?xml version="1.0" ?> | | | |
| <?xml-stylesheet type="text/css" href="home.css"?> | | | |
| <Doc id="nep-w-media- | NP00011 | " | lang="Nepali"> |
| <Header type="text"> | | | |
| <encodingDesc> | | | |
| <projectDesc> | CIIL-Nepali Corpora, Monolingual Written Text | | </projectDesc> |
| <samplingDesc> | Simple written text only has been transcribed. Diagrams, pictures, tables and verses have been omitted. Samples taken from page 14-15, 32-33, 56-57, 76-77, 86- 87, 106-107, 124-125, 144-145, 166-167, 188-189 | | </samplingDesc> |
| </encodingDesc> | | | |
| <sourceDesc><br><biblStruct><br><source> | | | |
| | <category> | Aesthetics | </category> |
| | <subcategory> | Literature-Novels | </subcategory> |
| | <text> | Book | </text> |
| | <title> | tathAkathita | </title> |
| | <vol> | | </vol> |
| | <issue> | | </issue> |
| </source> | | | |
| <textDes> | | | |
| | <type> | | </type> |
| | <headline> | tathAkathita | </headline> |
| | <author> | dhruvacandra gautama | </author> |
| | <translator> | | </translator> |
| | <words> | 3563 | </words> |
| </textDes> | | | |
| <imprint> | | | |
| | <pubPlace> | Nepal-Kathmandu | </pubPlace> |
| | <publisher> | sAjhA prakAshana | </publisher> |
| | <pubDate> | 2002 | </pubDate> |
| </imprint> | | | |
| <idno type="CIIL code"> | | CIIL-80154 | </idno> |
| <index> | | NP00011 | </index> |
| </biblStruct><br></sourceDesc> | | | |
| <profileDesc><br><creation> | | | |
| | <date> | 15-May-2006 | </date> |
| | <inputter> | Srilakshmi M.P | </inputter> |
| | <proof> | Shradha Pradhan, Jeena Rai | </proof> |
| </creation> | | | |
| <langUsage> | | Nepali | </langUsage> |
| <wsdUsage> | | | |
| <writingSystem id="ISO/IEC 10646">Universal Multiple-Octet Coded Character Set (UCS).<br></writingSystem> | | | |
| </wsdUsage> | | | |
| <textClass> | | | |
| <channel mode="w"> | | print | </channel> |
| <domain type="public"> | | | </domain> |
| </textClass> | | | |

| | | |
|---|---|---|
| </profileDesc><br></Header> | | |
| <text><body> | | |
| <p> | यद्यपि उनीहरू दिन बाध्य थिएनन्, तर नदिने तर्क पनि त थिएन ? | </p> |
| <p> | सबै ब्रह्माको सृष्टि थियो र स्वयम् ब्रह्माले समेत त्यसमाथि आखा गाडेर बस्न हुन्छ भने, मैले किन नहुने ? | </p> |
| <p> | यस तर्कको समुचित उत्तर प्राप्त हुन सकेको थिएन। यद्यपि यस प्रश्नको उत्तर खोज्न त्यस बखतका घघडानघघडान विद्वान् र अनुसन्धानकर्ता लगाइएको थियो। | </p> |
| <p> | ती तलबी विद्वान्हरू प्रश्नको उत्तर पाइनासाथ तलब नपाइने भयले कम्पित भएकाले, उत्तरले आउन चाहे तापनि, त्यसलाई रोकेर बसेका थिए। | </p> |
| <p> | आफ्नो कार्यको प्रगति-विवरण भने तिनीहरू नियमित रूपमा तीनै देवतालाई बुझाउँथे। | </p> |
| <p> | कुनैले भन्यो--“धेरै दिन लाग्यो नि त ?” | </p> |
| <p> | विद्वान्हरूले उत्तर दिन्थे--“जुन प्रश्नको उत्तर खोज्न ब्रह्मा, विष्णु, महेशले समेत, हामीलाई तलब ख्वाएर राख्नुपर्‍यो, त्यस्तो प्रश्नको उत्तर हामीले कसरी तत्काल खोज्न सकौँला भन त?” | </p> |
| <p> | यसले तीनै देवता प्रसन्न रहन्थे। उनीहरूको महानता यी मनोनीत विद्वान्हरू समेत स्वीकार गर्दछन्। | </p> |
| <p> | त्यसपछि कैयौँ दिनसम्म सृष्टिभित्र अनेक क्रीडा र लीला गर्नका लागि देवताहरूले विचरण गरिरहनुपर्ने हुनाले विद्वान्हरू वर्षौं सुरक्षित अनुभव गर्दथे। | </p> |
| <p> | त्यसबाहेक जुन एउटा नियम बाँधेका थिए, त्यसले इन्द्रलाई एउटा उत्तर त दिन्थ्यो नै। | </p> |
| <p> | ब्रह्माले सृष्टि गर्ने जिम्मा लिएका थिए, विष्णुको रक्षा गर्ने उत्तरदायित्व थियो। त्यसभित्र ती अलभ्य पदार्थहरूको पनि रक्षाको भार आफ्नै अधिकारक्षेत्रभित्र पर्ने भनेर उनी भन्न सक्तथे। | </p> |
| <p> | त्यसले पनि कोही मानेन भने संहार गर्ने अधिकार महेशको थियो। सल्लाह यही थियो। बढ्ता कचकच हुन थाल्यो भने सारा नष्ट गरिदिएर शिवजी हिंडिदिन्छन्। | </p> |
| <p> | त्यही हिँड्नलाई सजिलो होस् भनेर उनी हिमालयमा बसेका थिए। पारिको कुनै छिमेकी ग्रहमा बस्न जाने गरी। | </p> |
| <p> | बेलाबेलामा इन्द्रलाई धम्की पनि दिइन्थ्यो, बढी भयौ भने असुरबाट मुक्ति होइन कि अरू बढी असुर उत्पन्न गरेर तिनलाई ब्रह्माजीबाट वरदान दिलाइदिन्छौँ, जसका प्रतापले तिनीहरूले तिमीहरूलाई कान समाएर निकालिदिन सक्छन्। | </p> |
| <p> | त्यसै पनि कुनै पनि लोकमा कसैले पनि कुनै राम्रो कार्य वा तपस्या आदि गर्नासाथ सबभन्दा पहिले इन्द्रकै सिंहासन हल्लिन्थ्यो। | </p> |
| <p> | सिंहासनका साथ इन्द्र हल्लिन्थे। त्यसले इन्द्र केही बोल्ने स्थितिमै थिएनन्। भोगविलासपछि तिनको सारा समय इन्द्रासन हल्लाउनेलाई जगाउनमा खर्च हुन्थ्यो। त्यसका लागि उनी धन, सुरा, सुन्दरी सबको विधिवत् प्रयोग गर्दथे। | </p> |
| <p> | प्रधानमन्त्रीले लगेको भवनको बीचमा एउटा ढुङ्गाको मेच जस्तो थियो। | </p> |
| <p> | मानिसको धारणा थियो यही त्यो इन्द्रासन थियो, जुन सत्ययुगमा निरन्तर हल्लिरहन्थ्यो। अहिले कलियुग भएकाले ढुङ्गाको बन्यो। | </p> |

| | | |
|---|---|---|
| <p> | तर कुनै बेला यो रत्नजडित सिंहासन थियो, जसमा बसेर इन्द्र एकसेएक अप्सराका कामुक नृत्य हेरिरहन्थे र आफ्नो शरीरलाई उत्तेजना सप्लाइ गराहरहन्थे। उनले आफ्नी स्त्रीबाहेक कैयौँ अप्सरालाई पनि सन्तुष्ट पार्नुपर्दथ्यो। | </p> |
| <p> | एउटा भनाइ छ, स्ट्रिपटिज इन्द्रकै दरबारबाट थालिएको हो। पछि पृथ्वीमा पठाउँदा आकाशको ईथर वा चुम्बकीय कारणले यसको मार्ग बदलियो र यो पश्चिममा थालियो। | </p> |
| <p> | बाहिरबाट आउने मानिस भयो भने, केटीको थान गन्ती गरेर थाहा पाउँथ्यो प्रधानमन्त्रीले कति खाएको छ र त्यति खाएको बेलामा कति वा कस्तो कुरा गर्नु उपयुक्त हुन्छ? अथवा केही नबोलेर प्रधानमन्त्रीलाई केटीहरूलाई आफ्ना पुराना प्रेमप्रसङ्ग, सु-प्रेमप्रसङ्ग सुनाइरहेकै अवस्थामा छाडेर हिँड्नु बेस। | </p> |
| <p> | प्रायः आगन्तुकहरू त्यही गर्थे। | </p> |
| <p> | प्रधानमन्त्रीलाई आफ्ना पुराना प्रेमप्रसङ्गहरू, ती अविवाहिता र लगभग अक्षत युवतीहरूका सामु सुनाउनु अत्यन्त रुचिकर थियो। | </p> |
| <p> | तर कुनै अवस्थामा पनि उसलाई पुरुषलाई सुनाउन मन्जुर थिएन। | </p> |
| <p> | त्यही प्रधानमन्त्री भोलिपल्ट तिनै केटीहरू भेट हुँदा अपरिचित र रुक्ष व्यवहार गर्दथ्यो। केटीहरूलाई त्यसकै पनि बानी परेको थियो। | </p> |
| <p> | ती केटी को थिए, कहाँबाट आउँथे, कसले बन्दोबस्त गर्थ्यो, त्यसबारे तथ्य अत्यन्त मौन भएकाले भन्न नसकिने भयो। | </p> |
| <p> | जे होस्, प्रधानमन्त्रीको जीवनमा देखिएको हलुको रोमान्टिक पक्ष त्यति मात्र थियो। त्यो पनि महिना-पन्ध्र दिनमा मात्र आउँथ्यो। | </p> |
| <p> | तर यहाँ त त्यो पक्ष पनि देखिन पाएन। केटी कम हुनाले प्रधानमन्त्रीको पेग पनि घटेको थियो। | </p> |
| <p> | एकदम हाइजेनिक डोजमा झरेको थियो। | </p> |
| <p> | त्यसले गर्दा सेवनका कारण बिरामी पर्ने आशङ्कै भएन। | </p> |
| <p> | त्यसकारण प्रायः सारा मानिसले अडकल काटे प्रधानमन्त्री त्यही प्राकृतिक दृश्यावलोकनले गर्दा थला पऱ्यो। | </p> |
| <p> | उसको शरीरलाई भावुकता सुट गर्दैगर्दैन। त्यस दिन भावुकताको आधिक्य भयो, शरीरले अस्वीकार गरिहाल्यो। | </p> |
| <p> | दुईचार मिनेट भएको भए थेग्दो हो। ऊ घण्टौँ बादल, वर्षा, बिजुली र वनको ज्यादै मुग्धभावले अनवरत अवलोकन गरिरह्यो, त्यो उसको सम्पूर्ण जीवनपद्धतिका विरुद्ध थियो। त्यसलाई थाम्न नसकेर उनको यस्तो अवस्था भएको थियो। | </p> |
| <p> | अन्ततः साराले एक मतले ठहर गरे, त्यही दृश्यावलोकनका कारण प्रधानमन्त्री बिरामी परेको थियो। | </p> |
| <p> | उसको पिएले भन्यो--"त्यसमाथि प्रधानमन्त्रीज्यूले एउटा हरिण देखिसिएको र कोइलीको आवाज श्रवण गरिसिएको थियो रे।" | </p> |
| <p> | --"अचेल ज्यादै कठिन छ जीवन बाँच्न भाइ।" सुरेशले भन्यो--"धेरै हेरेर कसो उहाँको आँखै गएन।" | </p> |
| <p> | "कुन्नि त्यो पनि !" स्वकीय सचिवले भन्यो--"धमिलो देख्छु त भन्नुहुन्थ्यो।" | </p> |

| | | |
|---|---|---|
| <p> | त्यसै बखत प्रधानमन्त्रीले आज्ञा दियो--“तिमीहरू जसरी भए पनि एउटा डाक्टर खोज। नत्र ज्यान जाला भन्ने आशङ्का भयो मलाई। तिमीहरू जस्तै मलाई पक्का विश्वास भएको छ, मेरो यस्तो अवस्था त्यही अस्तिको दृश्यावलोकनले बनाएको हो, किनभने मेरो जीवन त सारै सन्तुलन र संयमले परिपूर्ण छ। त्यही मात्र एउटा असंयमित क्षण थियो मेरो जीवनमा। अब जे हुनु भइगयो। यहाँ भएकी एउटी केटीलाई छिटै मनिर पठाइदेऊ। त्यसले नर्सको काम गर्छे। अरू केही गर्न नसके मेरो कपाल थिचिदिन्छे, तातो पानी तताएर खान दिन्छे र मलाई दृश्यावलोकनदेखि रोक्ने प्रबन्ध मिलाउन सक्छे।” | </p> |
| <p> | कहाँ खोज्ने डाक्टर? तर यसको समाधान त्यसो त एकैछिनमा भयो। कसैलाई ठ्याक्क स्मरण भएको थियो, यहाँ स्वास्थयमन्त्री पनि त आएको छ। त्यो त डाक्टरै हो। त्यसैलाई पठाइदिऊँ। | </p> |
| <p> | सुपुत्रहरूले तत्काल बाचासम्बन्धी संशोधन गरे र सगर्व तथा शिर उचालेर आफूलाई सीतारामका औरस पुत्र घोषित गर्ने निर्णय गरे। | </p> |
| <p> | तिनीहरूले सीतारामलाई माझमुझ गरेर टलक्क टल्काएर प्रधानमन्त्रीसम्मुख उभ्याइदिए। | </p> |
| <p> | सीताराम, यति निर्धो भइसकेको थियो, क्रान्तिका दिनको स्मरण गर्दागर्दै पनि राम्ररी उभिन सकिरहेको थिएन। प्रधानमन्त्रीको अगिल्तिर ढल्नु हुँदैन, यति चेतना थियो, नत्रभने चेतना पनि मनमनै समाएर राखिछाडेको थियो, अत्यन्त बल गरेर। त्यो चेतना भन्ने पदार्थ वा अपदार्थको पनि अवस्था चिन्ताजनक थियो। | </p> |
| <p> | त्यसमाथि अलिक कर्मठ देखाउन छोराहरूले बाबुका हातमा एउटा ब्रिफकेस थमाइदिएका थिए। उक्त ब्रिफकेसले ठूलो त कति बनायो थाहा छैन, सीतारामलाई एकातिर हलुको दोब्र्याइदिएको थियो। जुन हातले ब्रिफकेस समाएको थियो त्यतातिर। उसलाई ब्रिफकेस थाम्न गारो परिरहेको थियो। | </p> |
| <p> | प्रधानमन्त्रीले सहायता गऱ्यो। सीतारामलाई चिन्नासाथ अङ्कमाल गऱ्यो।साटोमा सीतारामले पनि अङ्कमाल गर्नुपऱ्यो। त्यसका लागि उसले ब्रिफकेस भुइँमा स्वाभाविक किसिमले राख्न पायो। कसैले थाहा पाएन, ब्रिफकेसले गर्दा उसको शरीर बाङ्गिँदै गइरहेको थियो। | </p> |
| <p> | त्यसपछि प्रधानमन्त्रीले सीतारामका पुत्रहरूप्रति उन्मुख हुँदै भन्यों--“पुत्रहो, अब हामी दुई प्राचीन र प्रियमित्रहरूलाई एकान्तमा छाडेर केही क्षणलाई बाहिर जाओ।” | </p> |
| <p> | प्रधानमन्त्रीको त्यस्तो आत्मीय वचन सुन्नासाथ, तीनै पुत्रहरूले पहिले प्रधानमन्त्रीको त्यसपछि आफ्ना बाबुको पाउ क्रमशः छोए। | </p> |
| <p> | वर्षौंदेखि पाउ नछोइएको बाबु थियो। हर्षातिरेकले विह्वल देखिन थाल्यो। प्रधानमन्त्रीपछि पाउ छोइनुलाई उसले विश्लेषित गऱ्यो, पहिले बाबुको पाउ नछोएर मेरा चिरञ्जीवीहरूले आकाङ्क्षा प्रकट गरे, देशमा प्रधानमन्त्रीपछि दोस्रो स्थान तेरै होस्। | </p> |
| <p> | प्रधानमन्त्रीले एकान्तमा सीतारामलाई भन्यो--“सीताराम, तिमी मेरा बालसखा हौ।” | </p> |
| <p> | सीतारामले तत्काल नतमस्तक हुँदै भन्यो--“हजुरले सुदामा र कृष्णको कथा सम्झेर यस्तो सम्बोधन गरेको होला, तर त्यस्तो होइन। केको बालसखा ? मत हजुरको पाउको सेवक हुँ। मलाई त्योभन्दा बढी दर्जा दिने आवश्यकतै छैन।” | </p> |
| <p> | --“तिमी अझै त्यागी नै छौ कि क्या हो ?” प्रधानमन्त्री झस्क्यो--“दर्जा दिने आवश्यकतै छैन भन्छौ ?” | </p> |

| | | |
|---|---|---|
| <p> | सीतारामले भन्यो--“मैले केवल बालसखाको दर्जा दिने आवश्यकता छैन भनेको हुँ हजुर। अन्य दर्जाका लागि त यो सेवक तत्काल देशसेवक बन्न तत्पर छ नि !” | </p> |
| <p> | प्रधानमन्त्रीले भन्यो--“तिमी कति क्रान्तिकारी थियौ ! मभन्दा बढी।” | </p> |
| <p> | --“अब हजुरको दास बन्न चाहन्छु।” सीतारामले भन्यो--“क्रान्ति गर्ने दिन गए। स्वन्त्रता पाएपछि, क्रान्तिकारी बन्नाको प्रयोजन पनि स्वतः समाप्त भयो। अब म स्वतन्त्रता र स्वेच्छापूर्वक हजूरको दासत्व वरण गर्न चाहन्छु। वरणको स्वतन्त्रता त ज्याँ पाल सार्त्रे जस्तो दार्शनिकले पनि मानेकै छ नि !” | </p> |
| <p> | --“ज्याऽ पाल? कसको नाउँ लियौ?” प्रधानमन्त्रीले निधार खुम्च्याएर सोध्यो। | </p> |
| <p> | यस पटक पानी पर्ला भन्दाभन्दै देशको आकाशमा बादलको एउटा झुम्रो पनि देखिएको थिएन। | </p> |
| <p> | मकैबालीमा त्यसको सोझो असर पर्दै गएको थियो। बाल्यकालदेखि नै दरिद्रता भोग्ने शिशुझैं मकैका ससाना झारहरू, पहिले ओइलिएजस्ता देखिए। त्यसपछि क्रमशः तिनको शरीरको हरियोपन बिदा माग्दै हिँड्न थाल्यो। | </p> |
| <p> | त्यतिन्जेलसम्म पनि देशमा आशा कायम थियो। कृषिमन्त्री आश्वासन दिँदै थियो, बाली सप्रिन्छ। प्रधानमन्त्री जनताको मनोबल बढाउँदै गाउँगाउँ घुम्दै भनिरहेको थियो, पानीको धर्म नै हो पर्नु, त्यसकारण अलिक ढिलो वा चाँडो त्यसले नपरी सुखै छैन। | </p> |
| <p> | त्यसपछि ऊ आकाशतर्फ हेर्दथ्यो। निरभ्र आकाश देख्थ्यो। उसको स्वयम्को मनोबल छाँगो जस्तै झर्न थाल्दथ्यो, तैपनि उसले आफ्नो भाषणको क्रम निरन्तर कायम राखेको थियो। | </p> |
| <p> | अन्त्यमा, देशभरिको मकैका पातहरू कमलपित्तका झोलमा चोपिएर निस्केजस्ता देखिन थाले। | </p> |
| <p> | तैपनि पानी परेन। | </p> |
| <p> | अन्त्यमा सारा उत्साह र मनोबल देशभरि रोप-गोड गर्दागर्दै पनि, मकैका दृष्टिले देश त्यस्तै भयो जस्तो कुनै कलर तस्बिर एक्कासि ब्ल्याक एन्ड ह्वाइटमा परिणत भएको होस्। | </p> |
| <p> | विरोधका वक्तव्यहरू आउन थाले। सिँचाइमा ध्यान पुऱ्याउन नसकेको र शून्य आकाशको दयामा निर्भर सरकार एउटा उत्तरदायित्वविहीन सरकार हो, आदि। | </p> |
| <p> | मकैको साटो विरोध अलिक बढी नै लहलहाउन थालेपछि प्रधानमन्त्री सोच्न थाल्यो, मकैले नै मेच हल्लाउने आँट गरेपछि, कति तल्लो स्तरको राजनीति हुन थालेछ देशमा ? ‘मकैपर्व’ कतिचोटि बेहोर्ने होला देशले ! | </p> |
| <p> | तैपनि सरकारको गल्ती साबित गरिदिए भने त, चुनावमा गुन्डा र पैसामा वृद्धि गरेर पनि भ्याएन भने, अन्य कुन लियाकतले चुनाव जित्नु र जिताउनु ? | </p> |
| <p> | त्यसकारण अत्यन्त चिन्तातुर भएर उसले कृषिमन्त्रीलाई बोलाउन पठाएको थियो। | </p> |
| <p> | कृषिमन्त्री आएपछि सोध्यो--“पानी किन परेन ?” | </p> |
| <p> | --“हजुर यो त मौसम तथा जलवायुविज्ञानको विषय पऱ्यो।” मन्त्रीले भन्यो--“त्यसले पनि पर्नेनपर्ने त बताउन सक्ला, किन परेन भन्न त मुस्किलै देख्छु।” | </p> |
| <p> | प्रधानमन्त्रीले भन्यो--“तैपनि पानी नपर्नमा सरकारको कुनै गल्ती छैन भन्ने कुनै वक्तव्य त इस्यु हुनुपऱ्यो नि त ! नत्र साराले पानी नपरेकोमा हामीलाई नै दोषी ठहऱ्याएका छन्। देशै यस्तो छ, के गर्ने र जस्तो भए पनि राज्य त चलाउनैपऱ्यो !” | </p> |

| | | |
|---|---|---|
| <p> | कृषिमन्त्रीले एकछिन गम्भीर भएर सोच्यो र बोल्यो--“प्रधानमन्त्रीज्यू, देश यस्तो पनि त छ। हामीले आकाशमा बादल नलाग्नमा हाम्रो कसूर छैन। एउटा जुनसुकै तहको तर्क भए पनि दिनैपर्छ। नत्र मान्दैनन्।” | </p> |
| <p> | --“त्यसो भए के भन्ने, बादल त लागेको थियो, बङ्गालको खाडीभन्दा अलिक परतिर मुसाहरूले काटिदिए, लुगा काट्न नपाएर आक्रोशित भएकाले ?” प्रधानमन्त्री हाँस्न थाल्यो। | </p> |
| <p> | उसले सोल्टीमा आफ्नो बलात्कारको रजतजयन्ती समारोह मनाउँदा, यो छब्बीसौँ केटीलाई समेत आमन्त्रित गरेको थियो। त्यतिन्जेल, उसले भाग्ने परिस्थिति आएको थिएन। उसले यो केटी अलिक बेग्लै खालकी र राजनीतिक वंशबीजका कारण यसलाई विवाह गर्ने वचन दिएको थियो, आफ्नो सिद्धान्तविपरीत। | </p> |
| <p> | नगरका महान्महान् हस्ती त्यो अपूर्व समारोहलाई सुसज्जित र टलकदार बनाउन आएका थिए। समारोहमा केवल यति लेखेको थियो रजतजयन्ती-समारोह, सन् 2000। | </p> |
| <p> | केको रजतजयन्ती, त्यो कसैलाई थाहा थिएन। सन् 2000 को रजतजयन्ती भन्ने पनि सोच्न मिलेन, निकैले सोधे--“यो केको रजतजयन्ती समारोह हो बाबू ?” | </p> |
| <p> | यो पट्ठो, केवल मुसुक्क हाँसेर अगि बढ्दथ्यो। कसैलाई-हजुर ह्विस्की ज्यूनार होस् भनेर, ग्लास मगाइदिन्थ्यो, जसमा पहेँलो रङ्को स्कच टल्केर हल्लिरहेको हुन्थ्यो। | </p> |
| <p> | सोध्ने मानिस जतिसुकै बौद्धिक भए पनि अन्त्यमा मनमनै सोच्थ्यो, जेसुकैको भए पनि ल्याभिस पार्टी दिएको छ, कमसेकम ह्विस्की कहाँ छ भनेर सोधखोज गर्दै त हिँड्नुपरेको छैन। | </p> |
| <p> | त्यति सोचेपछि बुद्धिजीवीलाई लाग्न थाल्यो, प्रश्नको वास्तविक उत्तर नै यही हो। त्यसपछि प्रश्नकर्ता उत्तर प्राप्त गर्न सकेको सन्तुष्टिमा डबल वा ट्रिपल हाल्न लगाएर ह्विस्की हल्लाउनमा संलग्न हुन थाल्दथ्यो। | </p> |
| <p> | एक जनालाई पट्ठाले उत्तर दिएको थियो--“सर, आज मैले पच्चीस बोतल सिवास फोरेको छु, त्यसैको रजतजयन्ती हो।” | </p> |
| <p> | श्रोता अलिक अलमलियो, यस्ताको रजतजयन्ती हुन सक्छ कि सक्तैन? | </p> |
| <p> | उसकी छब्बीसौँ केटीले एक पटक भनी पनि--“तिमी किन वास्तविकता बताउँदैनौ ?” | </p> |
| <p> | उसले भन्यो--“के बताऊँ, जबरजस्तीकरणी रजतजयन्ती-समारोह हो यो ? कैद गर्दैनन् मलाई ? मलाई कैद गर्‍यो भने, तिमीसित बिहे कसरी गर्ने नि ?” | </p> |
| <p> | केटी हाँस्न थाली। धेरै हाँसो उठेकाले त्यहाँ उभिइरहन सकिन। मुख छोप्दै केटीहरूको कुनै हूल खोज्दै हिँडी। | </p> |
| <p> | संयोगले ऊ त्यही हूलमा पुग्यो, जहाँ पच्चीस केटी गोल बाँधेर बसेका थिए। यी तिनै केटी थिए, जसका नाउँमा ‘रजतजयन्ती’ मनाइँदै थियो। तीमध्ये प्रत्येक के पत्ता लगाउन जिज्ञासु थिई, अन्य केटीको, त्यो पट्ठोसित कस्तो सम्बन्ध थियो? | </p> |
| <p> | तर पत्ता लागिरहेको थिएन, किनभने कोही कसैलाई केही बताइरहेको थिएन। | </p> |
| <p> | छब्बीसौँ केटी पुगेपछि सबले उसलाई झस्केर हेरे, तर सबले आफ्नो त्रसित हृदयलाई तत्काल साम्य पारे यो रजतजयन्ती हो। अनि यो छब्बीसौँ केटी हो, त्यसकारण यो हुन सक्तिन। | </p> |
| <p> | तर तत्काल तिनीहरू प्रत्येकको मनले प्रश्न गर्‍यो--‘किन हुन सक्तिन ? यो पच्चीसभित्र पर्न | </p> |

| | | |
|---|---|---|
| | सक्छे। हुन सक्छ, छब्बीसौँ केटी यो नभएर कोही अरू होस् ?’ | |
| <p> | यस्ता र यो जस्ता अन्य कुराहरू स्मरण गरीगरी ऊ आनन्दित भइरहेको थियो। उसले ती सारा केटीलाई समेत मनमनै धन्यवाद दियो, जसले उसलाई बलात्कार गर्नमा सहयोग गरेका थिए। यद्यपि बलात्कार गर्नमा सहयोग भन्नु भाषावैज्ञानिक दृष्टिले निकै विरोधाभासी वाक्यांश देखिन्थ्यो, तापनि अहिले योभन्दा अन्य वाक्य उसले सोच्न सकेन। | </p> |
| <p> | विद्वान्हरूमा विदेशको तयारी चल्न थाल्यो। यो तयारी होडका रूपमा चल्ने गर्दथ्यो। होड केका लागि भने, त्योभन्दा म बढी प्रतिभाशाली छु, बौद्धिक छु। त्यो गयो र म जान पाइनँ भने मेरो बेइज्जती हुन्छ। मेरो योग्यताप्रति आशङ्कित हुन थाल्नेछन्। यो देशमा योग्यताको कदर छैन। त्यसकारण जेको कदर छ त्यही गरेर भए पनि विदेश भ्रमण त गर्नैपर्‍यो। | </p> |
| <p> | यस्तो सोचेर मुलुकका बुद्धिजीवीहरू ‘नवरत्न भवन’ र बालुवाटारबीच एउटा अदृश्य केबलकारमा ओहोरदोहोर गरेरै आफ्नो जीवनका स्वर्णिम दिनहरू काटिरहेका थिए। | </p> |
| <p> | नवरत्न त जाने नै भए। तीबाहेक करिब तीस जना अन्य अन्वेषकहरूलाई पनि उदारतापूर्वक आमन्त्रित गरिएको थियो। सारा धपेडी स्वाँस्वाँ, त्यही तीस जनामा पर्नका लागि थियो। | </p> |
| <p> | बडाहाकिम, हाकिमहरू थोरै समयमै देशलाई यति ठूलो सफलता दिलाउन पाएकोमा गौरवान्वित थिए। त्यस गौरवमा आआफ्नो प्रथम तर भव्य विदेशभ्रमणको स्वर्गसुखसमेत सामेल थियो। सारा घुमेर केही लाख रुपियाँसमेत जोगिने स्पष्ट देखा परिरहेको थियो। कुनै पनि नेपाली योभन्दा बढी सौभाग्यको कल्पना गर्न सक्तैनथ्यो। | </p> |
| <p> | विदेशको सूची तयार हुनेहुने अवस्थामा थियो। बडाहाकिम कहिले मुदित नेत्रले प्रमुदित हुन्थ्यो, कहिले लिस्ट हेरेर नाउँमा फेरबदल गर्दथ्यो, कहिले टेलिफोन घुमाएर प्रधानमन्त्रीसँग राय लिन खोज्दथ्यो। | </p> |
| <p> | तर प्रधानमन्त्रीको टेलिफोनमा प्रायः प्रधानमन्त्रीबाहेक अन्य सबै फेला पर्दथे। बडाहाकिमले अन्य सारा मन्त्री र परराष्ट्रमन्त्रीसँग पनि त्यसै टेलिफोनबाट कुरा गर्‍यो। लिस्टअनुसार जान लागेका राष्ट्रका विद्वान् प्रतिनिधिबारे कुरा गर्‍यो। त्यसमा तत्तत् मन्त्रीहरूका मानिस पनि थिए। | </p> |
| <p> | राज्यमन्त्री र सहायक मन्त्रीलाई ऊ फोन गर्दैनथ्यो। तिनीहरूलाई ऊ आफू जस्तै भीकद्वारा बनेको पदाधिकारी ठान्दथ्यो। यस्तो बखत त ऊ झन् टाढै रहन्थ्यो। तिनीहरूको कुनै कोटा, यस लिस्टमा राख्न ऊ अलिकति पनि इच्छुक थिएन। ऊ कि त आफैं कसैलाई कृतज्ञ तुल्याउन चाहन्थ्यो कि प्रधानमन्त्रीको आज्ञा मानेर आफैं अनुगृहीत हुन चाहन्थ्यो, तर प्रधानमन्त्रीसित सम्पर्क नभएकाले ऊ छटपट गरिरहेको थियो। दैनिक रूपमा प्रधानमन्त्रीसँग उसको साक्षात्कार वा टेलिफोनद्वारा सम्पर्क भएन भने ऊ देशको दुर्दशामाथि चिन्तन गर्न थाल्दथ्यो। | </p> |
| <p> | यद्यपि ऊ स्वतन्त्र थियो। उसको संस्था, सरकारबराबरकै थियो, तैपनि बुद्धिमान थियो बडाहाकिम, बुझ्दथ्यो। न्यायाधीश र सभामुख पनि त बराबर नै छन्, तर प्रधानमन्त्री, प्रधानमन्त्री हो। त्यसै गरी म पनि प्रधानमन्त्रीभन्दा ठूलो हुँला, तर प्रधानमन्त्री हुन्नँ। | </p> |
| <p> | उसलाई पूर्ण ज्ञान थियो प्रधानमन्त्री भनेको के हो र यसरी प्रधानमन्त्री भन्दा ठूलो हुनु | </p> |

| | | |
|---|---|---|
| | भनेको के हो ? | |
| <p> | प्रधानमन्त्रीको फोन कुर्ने कारण त्यही थियो। | </p> |
| <p> | राति साढे एघार बजेतिर प्रधानमन्त्रीको फोन आयो। | </p> |
| <p> | ऊ अत्यन्त हर्षित भयो। | </p> |
| <p> | प्रधानमन्त्रीले भन्यो--“हुन त अहिले धेरै रात परिसक्यो, तर एउटा दुःख दिन्छु तिमीलाई।” | </p> |
| <p> | --“हजुरबाट दुःख प्राप्त नभएर म दुखी थिएँ।” बडाहाकिमले भन्यो। | </p> |
| <p> | प्रधानमन्त्रीले भन्यो--“दसपन्ध्र मिनेटपछि तिमीकहाँ एउटी केटी आउँछे।” | </p> |
| <p> | --“मैले के सेवा गर्नुपर्‍यो हजुर?” | </p> |
| <p> | --“सेवा उसैले गर्छे तिम्रो।” प्रधानमन्त्री फोनमै मुसुक्क हाँसेको थियो, जसलाई बडाहाकिमले देख्न पाएन--“त्यसलाई तिमीले आफ्नो टोलीमा सामेल गर्नुपर्छ।” | </p> |
| <p> | बुबा मेचमा बस्नुभएको थियो। पाँचसात जना कोठाभित्र पसे। तिनीहरूलाई उहाँले घूसभ्रष्टाचार नियन्त्रणटोलीमा राख्नुभएको थियो। देशबाट भ्रष्टाचार कसरी निर्मूल पार्ने यसबारे केही गोष्ठीहरू पनि गराइसकेका थिए। भ्रष्टाचारीविरुद्ध अभियान चलाउने विभिन्न कार्यक्रम पनि तयार गरेका थिए। अनुगमनटोली बनिसकेको थियो। यो हेर्न, देशबाट भ्रष्टाचार निर्मूल भयो कि भएन अथवा कति प्रतिशतले भयो ? | </p> |
| <p> | प्रजातन्त्रमा केही शब्दले निकै लोकप्रियता प्राप्त गरेका थिए। एक दिन बडाहाकिमले केही विद्वान्लाई सोध्नुभयो--“अचेल कुनकुन शब्द प्रचलित छन् ?” | </p> |
| <p> | एक विद्वान्ले भन्यो--“कार्यदल, अनुगमन, प्रत्याभूति जस्ता केही शब्द अचेल बढी चलेका छन् सर ।” | </p> |
| <p> | --“घूस, भ्रष्टाचार त भनेनौ नि ?” | </p> |
| <p> | --“ती अब शब्द मात्र कहाँ रहे र हजुर ?” | </p> |
| <p> | --“त्यसो भए सबै प्रचलित शब्दको एकौटा टोली गठन गरिदेऊ।” बुबाले भन्नुभयो--“अनि प्रत्येक टोलीको एकौटा अनुगमनटोली बनाइदेऊ।” | </p> |
| <p> | विद्वान्ले भन्यो--“अन्य टोली त गठन गर्न मिल्ला पनि, तर प्रत्याभूतिटोली कसरी गठन गर्ने ? प्रत्याभूतिको अनुगमनटोली झन् कसरी बनाउने होला ?” | </p> |
| <p> | बुबाले भन्नुभयो--“प्रत्याभूतिटोलीले जनतालाई प्रजातन्त्रको प्रत्याभूति गराउने काम गर्नेछ। अनुगमनटोलीले प्रत्याभूति भएनभएको जाँच गर्छ।” | </p> |
| <p> | त्यसपछि सारा विद्वान् सन्तुष्ट भएर फर्केका थिए। | </p> |
| <p> | अहिले जुन समूहले प्रवेश गरेको थियो, त्यो भ्रष्टाचार-निर्मूलटोलीका सदस्यहरूको थियो। बडाहाकिमले तिनीहरूलाई प्रचारप्रसारद्वारा घूस र भ्रष्टाचार मनुष्येतर कार्य हो भन्ने प्रमाणित गर्नका लागि खटाउनुभएको थियो। | </p> |
| <p> | त्यसकारण बडाहाकिमले सोध्नुभयो--“केही परिणाम आयो ?” | </p> |
| <p> | --“केही लागेन हजुर।” संयोजकले भन्यो--“टिभी, रेडियो सारामा भ्रष्टाचारीमाथि थुक-खकार सब गरेर देखाइयो, तैपनि केही सीप लागेन।” | </p> |
| <p> | बडाहाकिम गम्भीर हुनुभयो--“केही भ्रष्टाचारीसंग भेटेर कुरा गरेनौ ? यसले देशको अर्थतन्त्रमा के प्रभाव पर्छ ? तिमीहरू मान्छे भएर यस्तो गर्न हुन्छ ?” | </p> |
| <p> | --“पहिलो त कोही आफूलाई भ्रष्टाचारी मान्नै तयार हुँदैन।” संयोजकले भन्यो--“दोसो | </p> |

| | | |
|---|---|---|
| | भ्रष्टाचारका कारण कोही तिनलाई थुक्ने लायक मान्दैन। बरु सबैको विश्वास छ, ठूलो मान्छेले नै भ्रष्टाचार गर्न सक्छ, त्यसकारण त्यो सधैँ ठूलै मानिस हो देशको। अर्को अन्तिम कुरा छ।” | |
| <p> | --“भन त!” बडाहाकिमले भन्नुभयो। | </p> |
| <p> | --“हामीले तिनीहरूलाई भन्यौँ, मानिस भएर भ्रष्टाचार गर्नु हुँदैन।” | </p> |
| <p> | --“के भन त ?” | </p> |
| <p> | --“हाँसे। भन, तिमीहरू जेसुकै भन, भ्रष्टाचार पूर्णतः मानवीय कार्य हो। जनावरहरूले भ्रष्टाचार गरेको हामीलाई आजसम्म थाहा छैन, त्यसकारण अन्य तर्क ल्याउँछौ भने ल्याऊ, सुनौँला, तर भ्रष्टाचार मनुष्येतर कार्य हो भन्नेजस्ता गल्ती तर्क कहिल्यै नगर्नू।” संयोजकले भन्यो। | </p> |
| <p> | यस्तै एउटा अर्को पुरुषार्थ पनि गरेँ। मैले उसलाई एउटा चिठी लेखिदिएँ। त्यो मेरो जीवनको प्रथम र अन्तिम पत्र थियो। त्यसैले जरुरी जस्तो लागेको होला। यस्तो चिठी-- | </p> |
| <p> | प्रिय तन्द्रिका, | </p> |
| <p> | म यो चिठी किन लेख्दै छु थाहा छैन। तिमीलाई पनि अचम्म लाग्ला। अचेल यस्ता कैयौँ काम छन्, जुन म गर्छु, तर तर्कविहीन भएर, कोमा जस्तोमा। | </p> |
| <p> | आज निकै चाँडो बिउँझेँ। माथि गएँ। घुमेँ। सूर्योदय हेरेँ। हावा प्रेम जस्तो शीतल, वातावरण तिमी जस्तो ताजा र सूर्य तिम्रो मुस्कुराइरहेको अनुहार जस्तो रक्तिम देखियो। आज, कौसीमा घुम्नु पनि राम्रो लाग्यो। घुम्दाघुम्दै प्रकृतिका विभिन्न कुराहरूसित तिम्रो तुलना गर्नु पनि राम्रो लाग्यो। त्यतिकैमा कतैबाट कुनै फूलको बास्ना आयो। तिमी त थिइनौ नि ! मैले त्यही हर्र आएको सुगन्धलाई तिमी आएको ठानिदिएँ। उभिँदाउभिँदै तिमीलाई एउटा कविताका रूपमा उभ्याइदिएँ। जति उभ्याए पनि तिम्रो एउटा कल्पना न हो। तिमी त... अहिले त सुतेर उठेकी पनि छयौ कि छैनौ ? | </p> |
| <p> | केही दिनअघि एक दिन तिम्रो मुड बिग्रेको थियो। हुन सक्छ, तिम्रा आमाबाबुले तिम्रो बिहाको कुरा गरिदिए। हुन सक्छ, तिम्रा दिदीहरूले केही ईर्ष्यायुक्त वचन बोले। तिमीले कुरा त स्पष्ट पारिनौ, तर तिम्रो त्यो उदास र एक प्रकारको पछुताउले पनि भरिएको अनुहार म बिर्सिन सक्तिनँ। मैले सोधेको थिएँ--“तिमीलाई हाम्रो सम्बन्ध कस्तो लाग्छ ?” | </p> |
| <p> | तिमीले भने एकतमासकी भएर जबाफ दिएकी थियौ--“खोइ कस्तोकस्तो लाग्छ भनूँ ?” | </p> |
| <p> | थाहा छैन, त्यस बखत तिमीलाई के भएको थियो ? मलाई पनि रिस उठेकै हो। त्यसैको तोडमा मैले भनेको थिएँ--“नराम्रो लाग्छ भने भन। मलाई जति दुःख लागे पनि खप्छु। तिमीलाई बरु, यो नराम्रो लाग्छ भने, यसबाट मुक्त हुनसमेत मद्दत गर्नेछु।” | </p> |
| <p> | अनि तिमीले मलाई निरीह भएर हेर्दै जबाफ दिएकी थियौ--“मुक्त हुन सकिँदैन नि त !” | </p> |
| <p> | त्यसपछि किन हो एक्कासि, तिमीले मेरो छातीमा टाँसिएर भनेकी थियौ--“म पछिल्तिर पनि तिमीलाई सम्झिरहन्छु। बरु तिम्रै घटेजस्तो छ।” | </p> |
| <p> | तिम्रो त्यो आशङ्का, अभियोग जेसुकै होस् मलाई त्यस बखत पनि मन परेको थियो। अहिले पनि मन परिरहेको छ। सके मैले योचिठी लेख्ने कारण यो पनि हुन सक्छ। यो चिठी मेरो प्रमाण हो, म पनि पछिल्तिर तिमीलाई कति सम्झन्छु ? अरू भेटमा। अहिलेलाई बिदा...। | </p> |

| | | |
|---|---|---|
| <p> | चिठीको सर्वाधिक मानोरञ्जक पक्ष के थियो भने, बिदा वा अरू भेटमा भनेर लेखे पनि चिठी उसले मेरो सामुन्ने नै पढेकी थिई। बरु अगिल्तिरै चिठीमा लेखेको, अरू भेटमा र बिदा पढेपछि बिदा भएकी थिई। | </p> |
| <p> | बिदा हुँदा ऊ हाँस्न थालेकी थिई। | </p> |
| <p> | केही मानिसको भनाइ थियो, तन्द्रिका एउटी भावुक प्रेमिका थिई। यो त म पनि जान्दथेँ। ऊ एक दिन, यो भनेर पनि दुखी र आँसु बगाउने भएकी थिई, मान्छेले चन्द्रमालाई समेत चन्द्रमा रहन दिएन। | </p> |
| <p> | --"किन?" मैले सोधेको थिएँ। | </p> |
| <p> | उसले भनेकी थिई--"पहिले चन्द्रलोक भन्थे, चन्द्रमा देवता मानिन्थ्यो, चन्द्रमासम्बन्धी कतिपय कथा प्रचलित थिए, चन्द्रमाको सौन्दर्य कुनै केटीको रूपको प्रशंसा गर्ने संसारको सर्वश्रेष्ठ उपमा थियो। अब ती सब खत्तम भए।" | </p> |
| <p> | यस्ता कतिपय उदाहरण थिए, जसले तन्द्रिकालाई एक अतिशय भावुक र तत्काल आँसु झार्ने क्षमता भएकी केटी प्रमाणित गरेका थिए। | </p> |
| <p> | तिनै मेरा घनिष्ठ मित्रहरूको राय थियो, जुन भावुकताका कारण ऊ मेरो जीवनमा आएकी थिई, वास्तवमा त्यही भावुकताका कारण अब ऊ मेरो जीवनबाट बिदा हुन सक्छे। | </p> |
| <p> | --"कसरी ?" मैले सोधेँ। | </p> |
| <p> | --"प्रसन्नप्रति त्यस्तै अतिशय भावुकता उर्लनाले।" | </p> |
| <p> | --"अनि मप्रति?" | </p> |
| <p> | --"मानिसको जीवनमा अतीत र वर्तमान त्यसैका लागि बनेका हुन्छन्। तिमी अब उसको अतीतको भावुकता बन्दै गइरहेका छौ।" | </p> |
| <p> | मैले भनेँ--"त्यसो भए, भावुकता र क्रूरतामा कहाँ फरक हुन्छ त ?" | </p> |
| <p> | --"फरक हुने कुनै अर्को लोक पनि त होला, भूलोकबाहेक ?" एउटा साथीले ठट्टा गरेको थियो। | </p> |
| <p> | उनीहरूको पर्यवेक्षणपछिको निष्कर्ष थियो, जुन क्षण उसको प्रेमी अर्थात् म, त्यो महत्त्वपूर्ण पदबाट लात खाँदेर निकालिएँ, त्यो केटी अर्थात् तन्द्रिका कैयौँ दिनसम्म अत्यन्त उदास र मर्माहत भई। पछि त्यसै पदमा नयाँ पदाधिकारी अर्थात् प्रसन्न आयो। केटी आफ्नो प्रेमीप्रति यति समर्पित थिई; ऊ प्रेमी बस्ने मेचसितसमेत प्रेम गर्दथी। नयाँ पदाधिकारी आएर त्यही मेचमा बस्न थाल्यो। आफ्नो त्यो प्रेमीको मेचलाई प्रेम गर्ने हुनाले त्यसमा ऊ आफ्नो प्रेमीको सम्झनाले मेचद्वारा ज्यादै विचलित गर्न थालेपछि ऊ उक्त मेचको सेवन गर्ने नयाँ प्रेमीलाई क्रमशः प्रेम गर्दै जान बाध्य भएकी थिई। यसरी उसको महान् प्रेमी बस्ने मेचको सम्मान पनि हुन्थ्यो, प्रेमीको सम्झना पनि हुन्थ्यो। यसरी उसले आफ्नो प्रेमको गहिराइ, समर्पण र पवित्रता प्रमाणित गरेकी हुन सक्छे। | </p> |
| <p> | तर्क आफूमा काम चलाउ रूपमा ठीकै पनि होला, तर त्यसले कतै पुऱ्याएको भने थिएन। निकै समय यसै गरी बितेको थियो। | </p> |
| <p> | केही समय भयो। यता आएर प्रधानमन्त्रीका प्रवचनमा अनपेक्षित परिवर्तन देखा पर्न थालेको थियो। ऊ सौन्दर्यचेत, काव्यानुभूतिको चर्चा गर्न थालेको थियो। फूल, पात, हरियोपन र बगैँचा, मुटु, प्रेमिका र शाश्वत प्रेम झल्काउन थालेको थियो। | </p> |

| | | |
|---|---|---|
| <p> | केही विद्वान् यसै विषयमा अत्यन्त गम्भीर अनुसन्धान गर्न थाले। यस्तो कसरी भयो? कहिल्यै नभएको घटना? सधैँ देश बनाउँछु मात्र भन्ने व्यक्ति। देश बिगार्नतिर कसरी लाग्यो? उसकै दर्शन। एक पटक पनि देश बनाउँछु भन्न छाड्यो भने अलिकति देश त त्यसै बिग्रियो। त्यसैले नेताले देश बनाउँछु बाहेक केही उच्चारण गर्नै हुँदैन। त्यसले देश बने पनि नबने पनि मनोवैज्ञानिक रूपमा केही त बन्छ ! | </p> |
| <p> | यस्तो भन्ने प्रधानमन्त्री एक्कासि जयदेव जस्तो कोमल पदावली गाउन थालेको थियो, शृङ्गार छर्किन थालेको थियो, अनि ? | </p> |
| <p> | अन्त्यमा निष्कर्ष निकालेरै छाडे। त्यसको तात्विक कारण थियो इन्द्र खनाल, जो सधैँ प्रधानमन्त्रीसँग रोजगार माग्न जान्थ्यो। प्रधानमन्त्री आफ्नो दैनिक नीरसताले पीडित भएर बोलेरै भए पनि किञ्चित अलग गर्ने चाहनाको वशीभूत हुँदै, ऊसित यस्तो भाषण ड्राफ्ट गराउने गर्दथ्यो। यस्तै काम अराएर इन्द्रलाई रोजगारभन्दा मूल्यवान् आत्मीयता दैनिक ज्यालादारीमा दिएर पठाउँदथ्यो। | </p> |
| <p> | त्यो ठिटो त्यस्तो कवित्वमय त थिएन। दिनपरदिन भोक आदि समान प्रकारका अनुभवले गर्दा ऊ कवि बन्न बाध्य हुँदै गएको थियो। | </p> |
| <p> | त्यस्तो कवि इन्द्र, एक बिहान, प्रधानमन्त्रीको गेटैअगिल्तिर मृत अवस्थामा फेला पर्‍यो। | </p> |
| <p> | त्यसपछि हो, ऊ राष्ट्रको एक चर्चित व्यक्तित्वका रूपमा परिचित, परिभाषित र प्रसिद्ध भएको थियो। लगभग एक अनाम व्यक्ति, एकाएक नामैनाममा परिवर्तित भएको थियो। अखबार, टेलिभिजन, मानिसको आत्मा र जिब्रो कहाँ थिएन ऊ ? थिएन भने, संसारमा थिएन। | </p> |
| <p> | प्रमाणित भयो, उसले आत्महत्यै गरेको रहेछ। अकारण आत्महत्या। हिजोसम्म यतै देखिएको मानिस। आशा-उत्साह सब भिरेर देखा परेको मानिस। हिजो आत्महत्या गरेन भने, चौबीस घण्टामै फर्मेन्टेसन भएर बन्ने कारण जीवनमा हुँदैन। हिजोसम्म नगर्नेले आज आत्महत्या गर्छ भने त्यो अकारण नै त हो? | </p> |
| <p> | एउटाले ठट्टा पनि गर्‍यो--“तिम्रो भनाइ के कसैले दिनदिनै आत्महत्या गर्‍यो भने अनि बल्ल आत्महत्याको औचित्य औचित्य र कारण सिद्ध हुन्छ ? तर के त्यो सम्भव छ, मान्छेले दिनदिनै देखिने गरी वा प्रमाणित हुने गरी आत्महत्या गर्नु ?” | </p> |
| <p> | कोही बोलेन। यस्तोमा प्रायः बोल्ने चलन थिएन, तैपनि मानिस क्षतिपूर्तिमा यसो ठट्टा पनि गर्न सक्थे। समय काट्नु पनि थियो। | </p> |

</body></text>
</Doc>